गाउँ कार्यपालिकाको ४ (चौथो) बैठक / २०८३/०८४

मिति : २०८३ साल भाद्र ३१ गते बुधबार

समय : बिहान ०७:३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगीहरु: श्री बुद्धिमान तामाङ

श्री निराज खंनाल

प्रस्तावहरु :

(क) अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

(ख) आ. व. २०८३/०८४ मा कर्मचारीको तलब वृद्धि सम्वन्धमा ।

(ग) रिक्त स्थानमा कर्मचारी पदपुर्ति सम्बन्धमा ।

(घ) मर्मत संभार कोषबाट दैनिक ज्यालादारीमा सडक हेरालु खटाउने सम्वन्धमा ।

(ङ) कार्यालयको O&M सम्बन्धमा ।

(च) कार्यालयको ठेक्का आव्हान सम्बन्धमा ।

(छ) संघ समपुरक र प्रदेश समपुरकको ठेक्काको सम्बन्धमा ।

(ज) अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८३ साल भाद्र ३१ मा सम्पन्न ४ (चौथो) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको तेश्रो बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २ (क)

नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार आ. व. २०८३/०८४ को मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी दश प्रतिशत तलब बृद्धि तथा एघार प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए बमोजिम यस गाउँपालिका र अन्तरगत कार्यरत स्थायी, अस्थायी र करारमा कार्यरत कर्मचारीहरुलाई देहायानुसारको तलबबृद्धि तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

तपसिल

| सि. नं. | स्थायी/अस्थायी/करार | तलबबृद्धि मासिक | प्रोत्साहन भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | स्थायी दरबन्दीमा कार्यरत कर्मचारी तर्फ | नेपाल सरकारले तोके बमोजिम | नेपाल सरकारले तोके बमोजिम | |
| २ | स्वीकृत दरबन्दीमा कार्यरत रहेका सेवा करारका कर्मचारीहरु तर्फ | नेपाल सरकारले तोके बमोजिम | - | नियमानुसार महंगी भत्ता रु. ५,०००।- |
| ३ | बिद्यालय सहायक कर्मचारी | रु. ४,०००। | - | - |

निर्णय नं. २ (ख)

मानेडाँडा आधारभूत अस्पताल मानेडाँडामा सेवा करारमा कार्यरत मेडिकल अधिकृत (आठौं) श्री कौशल किशोर अम्बिकादेव यादवको कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक रहेको पाईएकोले र अस्पतालमा २४ सैं घण्टा आकस्मिक सेवा उपलब्ध गराउनु पर्ने भएको हुँदा निजको कार्य सम्पादनलाई ध्यानमा राखी रुजु हाजिरी प्रमाणितको आधारमा हाल खाईपाई आएको मासिक सुविधामा १००% थप गरी अस्पताल संचालन खर्च शिर्षक अन्तरगत प्राप्त बजेटबाट तलबभत्ता उपलव्ध गराउने र व्यक्तिगत रुपमा लिएको बिदा तथा हाजिरी प्रमाणित नभएको दिनको थप सुविधा उपलब्ध नगराउने । साथै दशै, तिहार जस्ता लामो समयसम्म बिदा हुने राष्ट्रिय चाडपर्व बिदालाई रुजु हाजिरीको रुपमा गणना गरी सो बिदाको समेत थप सुविधा उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार भोजपुरको च. नं. २२८, मिति २०८३/०५/१५ को कर्मचारी व्यवस्थापन सम्वन्धी पत्रानुसार उक्त कार्यालयमा करार सेवामा कार्यरत रहेका कर्मचारीहरु कोशी प्रदेश लोक सेवा आयोगको सिफारिसको कारण यहि २०८३ असोज १ गतेदेखि सेवाबाट अलग हुने भएकोले यस कार्यालयको रीक्त दरबन्दीको समान पद, सेवा, समूहमा व्यस्थापन गरिदिन अनुरोध भई आएको सन्दर्भमा यस कार्यालयमा प्राविधिक दरबन्दीहरु रीक्त अवस्थामा रहेको र हाललाई तत्काल पदपूर्ति हुने अवस्था नरहेको महशुस गरि हतुवागढी गाउँपालिकाले नियमानुसारको प्रक्रिया पुरा गरी सेवा करारमा नियुक्ति गरिएका समान पद, सेवा, समूहमा कार्यरत रहेका अनुभव प्राप्त निम्न व्यक्तिहरुलाई यहि २०८३ असोज १ देखि सेवा करारमा नियुक्ति दिई सेवा करार निरन्तरता दिने सर्व सम्मत निर्णय गरियो ।

तपसिल :

१. सोमन पराजुली भोजपुर न. पा. ११ आम्तेक, भोजपुर

२. राजन काफ्ले महालक्ष्मी न. पा. ९ धनकुटा

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. ४

पौवादुङमा गाउँपालिकाको आन्तरीक कोषबाट त. भ. खाने गरी १ एक जना च्याङ्ग्रे पोखरी सरसफाई तथा फुलबारी बगैंचा गोडमेलका सेवा करारमा माली नियुक्ति गर्ने सर्ब सम्मत निर्णय गरियो ।

देहाय :

| क्र. सं. | नाम | ठेगाना | पद | समूह/उपसमूह | कैफियत |
|---|---|---|---|---|---|
| १ | विजय राई | पौवादुङमा - ३ च्याङ्ग्रे, भोजपुर | का. स. | तह बिहिन | च्याङ्ग्रे पोखरी सरसफाइ तथा फुलबारी गोडमेल कर्ता (माली) |

निर्णय नं. ५

कोशी प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ बमोजिम यस गाउँपालिकाको संगठन संरचना, (O&M) पद, नाम देहायानुसार पुनरावलोकन वा हेरफेर गरी अनुमोदनका लागि प्रदेश मन्त्रालय र प्रदेश लोक सेवा आयोगमा पठाउने सर्ब सम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

गाउँपालिकाको गौरवको आयोजना पञ्चकन्या कृषि सडक अन्तरगत ठेक्का नं. PRM/NCB/Works/082/083/05 (च्याङ्ग्रेदेखि डिपबोरिङ्गसम्म) र PRM/NCB/Works/082/083/04 (डिपबोरिङ्गदेखि बास्तीमसम्म) को दुबै ठेक्का मिति २०८३ भाद्र मसान्तसम्ममा सम्पन्न गर्ने गरी कार्यालयबाट म्याद थप भएकोमा आकस्मिक रुपमा अन्तराष्ट्रिय बजारमा आएको बिटुमिनको मूल्य रु. ९५।- बाट रु. १५०।- कि. ग्रा. (-५८%) र डिजेलको मूल्यमा रु. १४२।- बाट रु. २३७।- लि. (-६७%) पुगेकोमा एक बर्षिय ठेक्कामा मूल्य समायोजन गर्ने सुविधा नरहेको, बर्षायामको कारण तथा हालै भदौ १० मा आएको राष्ट्रिय बिपद्का कारण कार्य सम्पन्नमा ढिलाई हुन गएकोले दुबै निर्माण कार्यमा व्यवसायीहरुबाट थप आर्थिक दायित्व (Cost Compensation) दाबी नगर्ने र पूर्व सम्झौता बमोजिमको कबोल अंकमा कुनै परिवर्तन नहुने स्पष्ट प्रतिवद्धता सहित पून : निर्माण सम्झौताको म्याद थपका लागि निवेदन पेश भएको हुँदा उक्त दुबै ठेक्का सम्झौतालाई निरन्तरता दिंदा अहिलेसम्मको लगानीमा जोखिम नहुने र मितव्ययी पनि हुने देखिएकोले आगामी आ. ब. २०८३/०८४ मा भूक्तानी गर्न बाँकी रहेको आवश्यक रकम सोही आ. ब. २०८३/०८४ को बार्षिक समपूरक बजेटमा पञ्चकन्या कृषि सडक अन्तरगत आर्थिक स्रोतको सुनिश्चितता सहित बजेट बिनियोजन गरी उक्त ठेक्का ठेकेदारको काबू बाहिरका कारण निर्माण कार्य समयमा सम्पन्न हुन नसकेको महशुस गर्दै दुबै ठेक्का सम्झौताको म्याद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (क) तथा ठेक्का सम्झौताको GCC Clause ३५ बमोजिम आगामी २०८३ पौष मसान्तसम्म थप गरी निर्माण कार्य सम्पन्न गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ५

पौवादुङमा गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक बिद्यालयहरुको आ. ब. २०८२/०८३ को आर्थिक कारोवार सम्वन्धी आधिकारीक लेखा परीक्षण गर्न कार्यालयमा सूचिकृत भएका नेपाल चार्टडर्स एकाउण्टेन्ट संस्थाबाट मान्यता प्राप्त देहायका लेखा परीक्षकहरुलाई लेखा परीक्षकमा नियुक्ति दिई लेखा परीक्षण गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

१. शेर्पा एशोसियड्स भोजपुर - ७ (पासाङ शेर्पा ले. प. प्र. नं. ७५७)
२. एल. कुँवर एण्ड एशोसिएट्स धनकुटा देब्रेबास न. पा. ४ धनकुटा (लोकेन्द्र कुँवर ले. प. प्र. नं. ०७५२)
३. बल ब. लिम्बु एण्ड एसोसिएट्स ईलाम न. पा. ४, ईलाम (बलबहादुर लिम्बु ले. प. प्र. नं. ४५२७)
४. पि. आर. शेर्पा एण्ड एसोसिएट्स रजिष्टर्स रामप्रसादराई - १ ओखे भोजपुर (पर्शुराम शेर्पा लेपप्रनं. १२४२)
५. शिवराज एण्ड कम्पनी रजिष्टर्ड अडिटर्स फर्म अर्जुनधारा - १०, झापा ( शिवराज भट्टराई ले. प. प्र. नं.२७२७)
६. गणेश पि. दाहाल एण्ड एसोसिएट्स रजिष्टर्स गणेश प्रसाद दाहाल ईटहरी उप म. न. पा. ४, सुनसरी लेपप्रनं. ६२४३
७. लामा एण्ड एसोसिएटस महालक्ष्मी न. पा. १, ललितपुर (बुद्धि बहादुर लामा ले. प. प्र. नं. ३६८८)

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष